नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
वैदेशिक रोजगार विभाग
ई.पी.एस. कोरिया शाखा
ग्वार्को, ललितपुर ।

पत्र संख्या : ०८०/८१
चलानी नं :

मिति : २०८१/०३/०७

## सूचना!! सूचना!! सूचना!!!

HRD Service of Korea बाट २०८१/०१/२५ गते तदनुसार 07 May 2024 मा Root Industries Sector को लागि ५० जना आवश्यक कामदारको लागि १०० जना कामदारको संक्षिप्त सूची पठाउन अनुरोध भइ आएको । उक्त पत्रको आधारमा यस शाखाबाट मिति २०८०।०२।१८ गते अनलाइन मार्फत आवेदन पेश गर्न सूचना प्रकाशन गरिएको।सो सूचनाको आधारमा अनलाइन मार्फत आवेदन पेश गर्नु भएका आवेदकहरुको सूचनामा तोकिएको मापदण्डको अधिनमा रही तपसिलमा उल्लिखित सर्तहरुको आधारमा मूल्याङ्कन गरी संक्षिप्त सूची तयार गरी अन्तर्वार्ताको लागि HRD SERVICE OF KOREA, EPS CENTER NEPAL मा सिफारिस गरिएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । साथै पेश गरेका कागजातका आधारमा यसै सूचनासाथ संलग्न सूचीमा आफ्नो नाम समावेश नभएको तर आफू पर्नु पर्ने भन्ने लागेमा प्रमाणसहित यो सूचना प्रकाशित भएको समय देखि मिति २०८१/०३/१० गते १२: ०० बजे भित्र epsnepal2007@yahoo.com मा अनलाईन मार्फत निवेदन पठाउन वा आवेदक स्वयम यस शाखामा उपस्थित भई सम्पर्क गर्न सक्नु हुनेछ ।संक्षिप्त सूचीमा परेका व्यक्तिहरुको अन्तर्वार्ता कोरिया नेपाल बहुप्राविधिक शिक्षालय ( KNPI ) तामनगर, बुटवलमा मिति २०८१ साल असार १३ र १४ गते दुई दिन संचालन हुनेछ, अन्तरवार्ता हुने समय र अन्य आवश्यक कुराहरु पछि सूचना मार्फत जानकारी गराइनेछ ।

तपशिल :-

१. Root Industry Sector मा सहभागी हुन आवेदकले सूचनामा तोकिएको मापदण्ड अनुसार पेश गरेको कार्य अनुभवको प्रमाण पत्रमा दर्ता नम्बार र PAN नम्बर नभएकोलाई स्वीकार नगरिएको ।
२. अन्य मुलुकको संस्थामा काम गरेको अनुभवको प्रमाण पत्रलाई मान्यता नदिइएको ।
३. कुनै आवेदकले पेश गरेको शैक्षिक योग्यताको प्रमाण पत्र कुनै एक वा दुई वर्ष/एक वा दुई सेमिष्टरको मात्र पेश गरेको तर Complete प्रमाण पत्र (Transcript/Character ) पेश नगर्नेलाई मान्यता नदिइएको ।
४. मूल्याङ्कन गर्दा Online प्रणालीमा आवेदकले पेश गरेका बाहेक थप प्रमाण माग नगरिएको ।
५. पेश गरेका प्रमाणहरु नबुझिने वा स्पष्ट नभएका आवेदकहरुलाई मूल्याङ्कनमा समावेश नगरिएको ।
६. तालिम लिनु भन्दा अगाडिको अवधिको अनुभवको प्रमाणपत्रलाई मान्यता नदिइएको ।

२०८१/०३/०७